# बंगलाचुली गाउँपालिकाको विनियोजन ऐन, २०८०

(बंगलाचुली गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन)

## असार ०९, २०८०


बंगलाचुली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कमिरेचौर, दाङ

# बंगलाचुली गाउँपालिकाको विनियोजन ऐन, २०८०

१. **प्रस्तावनाः** बंगलाचुली गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ कोउपधारा (२) बमोजिम बंगलाचुली गाउँसभाले यो ऐन बनाएको छ ।

२. **आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त गाउँ कार्यपालिका,विषयगत महाशाखा शाखाले,वडा समिति, गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थापनको रकम समेत गरी जम्मा रकम रु.**५७,२५,८४,०००.००।-(सनताउन्न करोड पच्चिस लाख चौरासी हजार)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त बंगलाचुली गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त खर्च गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत महाशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षकतर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ निवियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची - १

(दफा २ सँग सम्बन्धित)

<u>नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम</u>

| क.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | वित्तिय समानिकरण | ० | १००६६९००० | ० | १००६६९००० |
| २ | | राजश्व बाँडफाँड | १०७५९२००० | ० | ० | १०७५९२००० |
| ३ | | शसर्त अनुदान | २०३४३२००० | १३९३९१००० | ० | ३४२८२३००० |
| ४ | | आन्तरिक श्रोत | १५०००००० | ६५०००००० | ० | २१५०००००० |
| **जम्मा** | | | ३२६०२४००० | २४६५६०००० | ० | ५७२५८४००० |

<u>प्रमाणिकरण</u>

दस्तखतः-

नाम, थरः- तुल्सिराम पुनमगर

पदः- अध्यक्ष

मितिः- २०८०/०३/२१